Received Date: Oct. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# नेपालको समृद्धिमा सांस्कृतिक र पर्यावरणीय पर्यटन

**मुरारीकृष्ण गौतम**
सहप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस, त्रि.वि.
लैनचौर, काठमाडौं
Email: pof.mgautam@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v9i1.64114*

## सारसंक्षेप

*वर्तमान परिपेक्षमा सर्वाधिक चर्चाको शिखरमा पुगेको विषय-वस्तुको रुपमा पर्यटन उद्योगलाई लिने गरिन्छ । करीव एक शताब्दीको अन्तराल मै पर्यटन उद्योगले विश्वको दोस्रो ठूलो उद्योगको रुपमा स्थापित हुने अवसर प्राप्त गरिसकेको छ । यो उद्योग एक यस्तो उद्योग हो, जो कुनै पनि भौगोलिक सीमाभित्र नबाँधिएर विश्वकै हरेक क्षेत्रमा फैलिन पुगेको छ । वर्तमान समयमा विश्वका प्रत्येक राष्ट्रहरूले पर्यटनको विकासको निम्ति अनेकौं नियम, विधान र व्यवस्थापनका अतिरिक्त विभिन्न नौला-नौला विधाहरूमा समेत योजनावद्ध तवरले कार्यक्रमहरू अगाडि ल्याएका छन् । ए. के. भाटियाको विचारमा पर्यटन शब्दलाई परिभाषित गर्दा पर्यटनले के-कस्तो र कति क्षेत्र ओगटेको छ, यसको व्यापकताको सीमाना कति छ ? त्यसलाई समेत ध्यानमा राखी एवं तथ्यांकहरूको विश्लेषण र पर्यटनसम्बन्धी विधान र प्रशासनिक पक्षलाई समेत गाभेर हेनु पर्ने हुन्छ । पर्यटनलाई परिभाषित गर्ने क्रममा सर्वप्रथम अष्ट्रियाका अर्थशास्त्री हर्मन वोन स्चुलार्ड नामक विद्वान देखा पर्दछन् । उनले सन् १९१० मा पर्यटनलाई यसरी परिभाषित गरेका थिए- पर्यटन शब्दले देशभित्र वा देशबाहिर कुनै पनि मुलुक, शहर वा अन्य क्षेत्रमा गरिने प्रवेश, बसाइ, डुलाई जस्ता गतिविधिहरूको समष्टिगत रुपलाई बुझाउँछ, साथै यस्ता गतिविधिहरू खासगरी आर्थिक चरित्रका हुने गर्दछन् ।*

**शब्दकुञ्जी :** पर्यटन प्रबर्द्धन, सांस्कृति उन्नयन, पर्यावरणीय विकास र सर्वाङ्गिण विकास ।

## सामान्य परिचय

नेपालको पर्यटनको इतिहासलाई हेर्दा नवपाषणयुगसम्म पुग्न सकिए तापनि बि.सं. २००७ साल पूर्वसम्म छिमेकी मुलुकहरूका वासिन्दाहरूका अतिरिक्त भारतमा शासन गर्ने अंग्रेज पर्यटकहरूका अलवा संसारका अन्य मुलुकहरूका निम्ति पर्यटकहरूको गन्तव्य स्थलको रुपमा नेपालको चिनारी थिएन । यद्यपि प्रजातन्त्रको स्थापना वा २००७ सालपछिका वर्षहरूदेखि भने नेपाल क्रमशः अन्तर्राष्ट्रिय पर्यटकहरूका निम्ति महत्वपूर्ण गन्तव्य स्थलको रुपमा परिचित हुन थाल्यो । कला र संस्कृतिको रहस्यात्मकता एवं आश्चर्य लाग्दो क्षेत्र भएबाट, प्रकृतिको भव्यतायुक्त क्षेत्र भएबाट, हिमालका बरफिला चुचुराहरूले निरन्तर आरोहणका निम्ति आरोहणकर्ताहरूलाई चुनौती दिइरहने थलो भएको हुनाले र उपत्यकाहरूको शान्त थलो भएको हुनाले नै नेपालले पर्यटकहरूको गन्तव्य स्थलका रुपमा र रहरको रुपमा आफूलाई स्थापित गरेको हो ६ । पर्यटकहरूका निम्ति नेपाल भनेको विभिन्न थरीका मानिसहरूको विभिन्न थरीको हाँसो र मुस्कानयुक्त देश हुनाका साथै थरीथरीका पशुपंक्षीहरू, उद्भीजहरू, परम्परागत रीति-रिवाजहरू, कला र वास्तुकलाका तमुनाहरू, मानिसभन्दा पनि धेरै थरीका देव-देवीहरू र अनेकौं प्राकृतिक उपहारको देश पनि हो । मानिसहरूमा पाइने मनोरञ्जनसम्वन्धी साहसिक यात्रासम्वन्धी, धार्मिक आस्थासम्वन्धी, प्राकृतिक दृश्यावलोकनबाट प्राप्त गरिने आनन्दसम्वन्धी र अनेकौं प्रकारका समाज र संस्कृतिक प्रतिको जानकारी प्राप्त गर्ने कौतुहलको मनोविज्ञान अनुरुपका क्षेत्र र वातावरणहरू नेपालभित्र पाइने हुनाले नै यो देश पर्यटकहरूको आकर्षणको केन्द्रविन्दुको रुपमा स्थापित हुन पुगेको छ ।

म्याथिसन र वालअनुसार 'पर्यटन भनेको एउटा उद्योग हो, जसभित्र लाखौलाख मानिसहरूको चहलपहल र मनोरञ्जन सन्निहित रहेको हुन्छ । यस्ता कतिपय मानिसहरू औद्योगिक विकासको सीमा क्षेत्रमा भ्रमण गरिराखेका हुन्छन् भने अन्य कतिपय मानिसहरू विकसित र न्यून विकसित देशहरू र क्षेत्रहरूको भ्रमण गरिराखेका हुन्छन् । पर्यटक र पर्यटनको परिभाषा गर्ने क्रममा इन्टरनेशनल न्यूनियन अफ अफिसियल ट्राभल अर्गनाइजेसन् (IUOTO) ले सन् १९६३ मा एक परिभाषा अगाडि ल्यायो । यस परिभाषालाई विश्व पर्यटन संघ (WTO) ले सन् १९६८ मा मान्यता दियो । यस परिभाषाअनुसार 'पर्यटक भनेको कुनै पनि मुलुकमा आफ्नो भ्रमणताका कम्तीमा २४ घण्टा विताउने व्यक्ति हो । साथै यस्ता व्यक्तिको भ्रमणको मुख्यतः दुईवटा उद्धेश्यहरू हुने गर्दछन्-१) फुर्सदको समय विताउने वा मनोरञ्जनका निम्ति विदा विताउने, अध्ययनका निम्ति, धर्मका निम्ति, खेलकुदका निम्ति र स्वास्थोपचारका निम्ति भ्रमण गर्ने र २) व्यापारिक कार्यका निम्ति, पारिवारिक कार्यका निम्ति र बैठकहरूमा उपस्थित हुनका निम्ति भ्रमण गर्ने' (IUTO, 1963, 14) । यद्यपि सन् १९७६ मा बिट्रेनको 'पर्यटन समाज' ले गरेको पर्यटनको परिभाषामा भने दैनिक भ्रमणलगायत आन्तरिक एवं राष्ट्रिय पर्यटनको क्षेत्रसमेत पर्दछ । यस परिभाषाअनुसार 'पर्यटन भनेको आफ्नो स्वाभाविक वसोवास भएको ठाँउ वा स्थानभन्दा वाहिर अस्थायी वा छोटो समयका निम्ति गरिने भ्रमण हो । यस्तो भ्रमणहरू कुनैपनि उद्धेश्यका लागि हुन सक्दछ । साथै दिवा भ्रमण पनि हुन सक्छ' । पर्यटनलाई परिभाषित गर्ने क्रममा विद्वानहरू एवं ४ विभिन्न संघ संस्थाहरूको बीचमा भने एकरुपता पाइदैन् । कतिपय विद्वानहरूले पर्यटनलाई विशिष्ट प्रकारको 'अल्पकालिन यात्री वा निवासीको रुपमा' लिएका छन् भने कसैले 'अस्थायी यात्री', कसैले 'आधुनिक तीर्थयात्री', 'आडम्बरी मुर्ख', 'सांस्कृक्तिक यायावर', 'आनन्द ढुवानीकर्त्ता', 'शसक्त पाहुना' अपरिचित है आदि भनी सम्वोधनसमेत गरिएको पाइन्छ ।

नेपालमा पर्यटनको विकासका निम्ति सांस्कृतिक परिवेश र पर्यावरणीय संरचनाले महत्वपूर्ण भूमिका निभाएका छन् । पर्यटनको विकासका लागि संस्कृति र पर्यावरण मूलभूत पूर्वाधारकै रुपमा रहेका छन् । यी दुईको अभावमा पर्यटनको विकासको परिकल्पनासम्म पनि गर्न सकिदैन् । यस अर्थमा पर्यटन विकासको निम्ति सांस्कृतिक रुपमा के-कस्ता प्रकारका तत्व एवं विधाहरू र पर्यावरणीय रुपमा के कस्ता विशेषताहरू उत्तरदायी रहेका छन् । तिनीहरूको वारेमा क्रमशः उल्लेख गरिने छ-

## अध्ययन विधि

धार्मिक तथा सांस्कृति पर्यटन देशको ऐना हो । संसारभर मुलुकको परिचय प्रदान गर्ने यो गहन विषय भएकोले राज्यले यसको संरक्षण, सम्बर्द्धन, विकास र विस्तारमा गम्भीर ध्यान दिनुपर्दछ । देशको लोकप्रियता र प्रसिद्धि समेत यस विषयबाट उजागर हुनेहुनाले स्वदेशी तथा पर्यटकहरूलाई हाम्रो मुलुकमा भ्रमण गर्न, आन्तरिक पर्यटन प्रवर्द्धन गर्न, आयआर्जनका मार्गहरू विस्तार गर्न र समृद्धिको यात्रामा टेवा पुऱ्याउन सांस्कृतिक पर्यटनका क्षेत्रमा विशेष चासो र ध्यान पुऱ्याई यसलाई पर्यटकहरूको निमित्त आकर्षणको केन्द्र तुल्याउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्दछ । यसर्थ यो विषय आफैमा वृहत र महत्त्वपूर्ण रहेको दृष्टिगोचर हुन्छ । यसै विषयलाई मध्यनजर गरेर सांस्कृतिक पर्यटन र पर्यावरणीय स्थितिको व्यवस्थापनमा ध्यान पुऱ्याउन सरोकार निकायहरूलाई सचेतना प्रदान गर्ने र अभिमुखीकरण गर्ने उद्देश्यले यस विषयसँग सम्बन्धित रहेका सुचनाका स्रोतहरूलाई केलाउने पर्गेल्ने र सत्यान्वेशीका साथ यथार्थता उद्‌वोदन गर्दै आवश्यक प्राथमिक र द्वितीय स्रोतहरूलाई आधार मानेर यथार्थपरक ढंगबाट यो आलेख प्रस्तुत गर्ने प्रयास भएको छ ।

## अध्ययनको महत्त्व

नेपालको आर्थिक समृद्धि र बहुपक्षिय सर्वाङ्गिण विकासका लागि ज्यादै महत्वपूर्ण, प्रभावकारी र प्रभावशाली क्षेत्र भन्ने बित्तिकै नेपालको पर्यटनलाई लिन सकिन्छ । अझ सांस्कृतिक पर्यटन भन्ने बित्तिकै देशको परिचय, मुलुकको स्वरुप झल्किने दर्पण र विकास निर्माणको आधारशिला समेत मान्न सकिन्छ । देश देशाटन सम्म मुलुकको परिचय खुलस्त पार्ने महत्त्वपूर्ण विषय भएकोले यसको चौतर्फी विकास र विस्तार गर्नु

अपरिहार्य छ । यहीं वस्तु तथ्यालाई आधार मानेर विषयगत सूचनाका स्रोत तथा सामग्रीका साथै विज्ञ विशेषज्ञहरूबाट प्राप्त प्राथमिक एवं द्वितीयक सूचना ग्रहण गरी यो आलेख तयार पारिएको हुनाले यसको महत्व र उपयोगिता रहने कुरामा विश्वस्त हुन सकिन्छ ।

## सांस्कृतिक पर्यटन

बुरकाट र मेडलिकको विचारमा कुनै पनि देशको सांस्कृतिक आकर्षणले नै कुनै पनि पर्यटक पर्यटनका लागि जुर्मुराउँदछ । कला, वास्तुकला, ऐतिहासिक अवशेषहरू, प्रसिद्ध व्यक्तिहरूसित सम्वन्धित स्थलहरूलगायत चाडपर्वहरू जस्ता सांस्कृतिक महत्वका कुराहरूले नै पर्यटन विकसित हुने गर्दछ ८ । मानवशास्त्रीय दृष्टिकोणले संसारभरिका आदिवासी, जनजाति तथा उनीहरूको रीतिथिति, परम्परा बुझ्न र जान्नका निम्ति सामुदायिक पर्यटन एक मात्र माध्यमका रुपमा रहेको हुन्छ । प्रसिद्ध धार्मिक तीर्थस्थलहरू र पवित्र स्थलहरूको कारणले गर्दा नै पर्यटन सम्पन्न गर्ने गरिन्छ । प्रसिद्ध प्रागऐतिहासिक ऐतिहासिक स्थल, भग्नावशेष र अन्य सामग्रीहरूको खोजीका निम्ति प्रागऐतिहासिक वा ऐतिहासिक पर्यटन गर्ने गरिन्छ । समष्ट्रीगत रुपमा सांस्कृतिक पर्यटनको अर्को पक्ष भनेको चाडपर्व, उत्सव, लोकगीत र लोकनृत्यहरू नै हुन किर्नाक पर्यटकहरू यस्ता कुरामा लालायित हुने गर्दछन् ।

पर्यटन र संस्कृतिको सम्वन्ध निर्धारण गर्ने प्रमुख अवयवहरूमा धार्मिक पक्षहरू, सामुदायिक पक्षहरू, चाडपर्वीय पक्षहरू, नृत्य एवं संगितीय पक्षहरूलगायत सांस्कृतिक सम्पदाहरू पर्दछन् । नेपालभित्र रहेका हिन्दू र बौद्धधर्मसंग सम्बन्धित तीर्थस्थलहरू, विभिन्न चाडपर्वहरू, विभिन्न देवस्थलहरू, मन्दिरहरू, स्तुपहरू, विहार र मठहरूका अतिरिक्त विभिन्न धार्मिक सम्प्रदाय र उपसम्प्रदायका कारणले गर्दा नै भारत, तिब्बत, चीनलगायत संसारभरिकै देशहरूबाट पर्यटकहरू नेपाल भित्रिनुका साथै धार्मिक कारणले गर्दा नै आन्तरिक रुपमा पनि एक स्थलबाट अर्को स्थलको भ्रमण गर्ने परम्परा रहेको छ । हिन्दू देवस्थलको रुपमा पशुपति क्षेत्र, मुक्तिनाथ क्षेत्र, बराहक्षेत्र, मनकामना, जनकपुरधाम, चाँगुनारायण, हलेसी, विजयपुर, देवघाट, त्रिवेणीघाट आदि प्रमुख रुपमा रहेका छन् । यसैगरी बौद्ध तीर्थस्थलको रुपमा लुम्विनी क्षेत्र, कपिलवस्तु, काठमाडौं उपत्यकाभित्रका स्वयम्भू क्षेत्र, बौद्ध क्षेत्र, हिरण्यवर्ण महाविहारलगायत उत्तरी भेकमा रहेका गुम्वा एवं छोर्तेनहरू प्रमुख रुपमा देखा पर्दछन् । यी हिन्दू र बौद्ध महत्वका तीर्थस्थलहरूका कारणले गर्दा नै प्राचीनकालदेखि वर्तमान समयसम्म नेपालमा धार्मिक पर्यटनका उद्धेश्यले आन्तरिक र बाह्य दुवै प्रकारका पर्यटकहरूको आवगमनमा निरन्तरता रही आएको छ ।

उत्सव एवं चाडपर्वहरूले समेत धार्मिक पर्यटनको विकासका निम्ति निरन्तर सुहयोग पुर्याएको हुन्छ । विभिन्न समयमा मनाइने उत्सव र चाडपर्वहरूले गन्तव्य स्थलहरूसम्म पर्यटकहरूलाई पुग्न उत्प्रेरण प्रदान गर्दछन् । उत्सव र चाडपर्वहरूद्वारा पर्यटकहरूको अवागमनमा गति ल्याउने कुरा पर्यटकहरूद्वारा यस्ता चाडपर्व र उत्सवहरूको विशेष चाखसहित अवलोकन हुनुले पनि पुष्टि गर्दछ । अन्तर्राष्ट्रिय पर्यटकहरूका लागि नेपाली चाडपर्व, उत्सव र परम्परागत कर्मकाण्ड र संस्कारहरू मनोरञ्जक हुनाका साथै खोजपूर्णसमेत हुने गर्दछन् । सत्यालको विचारमा सांस्कृतिक पर्यटनको कारणले गर्दा परम्परागत कलाकौशलको जगेर्ना भइरहन्छ । किनकि यस्ता कुराहरूको पर्यटकले खोजी गर्ने गर्दछन् १० । यस्ता गतिविधिहरूले एकातिर राष्ट्रिय संस्कृतिको संरक्षण र जगेर्ना हुने गर्दछ भने अर्कोतिर यसले पर्यटन विकासमा समेत ठूलो सहयोग पुर्याउछ । चाडपर्व र उत्सवताका प्रदर्शन गरिने लोकसंगित र लोकनृत्यहरूले समेत पर्यटकहरूलाई आकर्षित गर्ने गरेको पाइन्छ । सामान्य अवस्थामा समेत यस्ता लोकगीत र लोकनृत्यहरूको पर्यटकहरूले खोजी गरेका उदाहरणहरू पाइएका छन् ।

पर्यटनको विकास र संवर्द्धनका लागि सांस्कृतिक क्षेत्रमा देखा पर्ने अर्को महत्वपूर्ण आकर्षण सामुदायिक पर्यटन पनि हो । सामुदायिक पर्यटन भनेको समाजशास्त्रीय वा मानवशास्त्रीय दृष्ट्रिकोणले विभिन्न नयाँ, नौला संस्कृतिहरू बोकेका मानव समुदाय बारे सोध, अनुसन्धान वा जानकारी प्राप्त गर्न गरिने पर्यटन

हो । स्मिथका अनुसार 'सामुदायिक संस्कृतिको अध्ययन भनेको पर्यटकहरूद्वारा लोप हुदै गइरहेको जीवन शैली, वास्तु शैली, कलाकौशल र तत्सम्वन्धी शैली, खानपान तथा कृषिलगायत अन्य उपकरणहरूबारे जानकारी प्राप्त गर्नु हो' ११ । जोन लीका अनुसार 'सांस्कृतिक पर्यटनका तीन अंगहरूमध्ये एउटा अग सामुदायिक पर्यटन हो, यसमा पर्यटकहरूले जनजातिय जनजीवनको साधारण दैनिक जीवनलगायत सामाजिक, आर्थिक र फुर्सदको बेलामा गरिने क्रियाकलाप, जीवनशैली, सिद्धान्त र परम्पराहरू थाहा पाउने गर्दछन्' १२ । नेपालमा करीव १४० भन्दा बढी जनजातिहरू र लगभग ७० भन्दा बढी मातृभाषाहरू पाइन्छन् १३ । जसले गर्दा नेपाललाई 'बहुमानवीय ढुकुटीको भूमि' समेत भन्ने गरिन्छ । टोनी हेगनले 'नेपाल द किंग्दम अफ हिमालयज' नामक पुस्तकमा नेपाललाई एशियामा भएको 'बहुजातिय साझा मंच' भनी उल्लेख गरेका छन् १४ । यस क्षेत्रमा अनेकौं प्रकारका रैथाने र जनजातिहरूको बसोबास भएको हुनाले यिनीहरूको संस्कृति र परम्पराहरूले समेत पर्यटकहरूलाई आफूतिर आकर्षित गरेको पाइन्छ । पर्यटन विकासको प्रारम्भिक चरणदेखि नै नेपाली समुदायिक वा रैथाने सांस्कृतिक परम्पराहरूले विभिन्न नो मुलुकहरूका पर्यटकहरूलाई नेपाल भ्रमण गर्ने उत्प्रेरण दिदै आएको छ । विशेषगरी रैथाने संस्कृतिअन्तर्गत उपत्यकामा प्रदर्शित हुने नेवारी चाडपर्व, जात्रा, उत्सव, जीवनशैली, संस्कार र परम्पराहरूलगायत नेवार शिल्पी, प्रविधि र कलाकौशलसमेतले पर्यटकहरूलाई आकर्षित गर्दै ल्याएको देखिन्छ । पदयात्रा र पर्वतारोहणको क्रममा उत्तरी हिमाली क्षेत्रमा देखा पर्ने शेर्पा जनजीवन र संस्कृति प्रति पनि पर्यटकहरूले अध्ययन, अनुसन्धान गर्ने गरेको पाइन्छ । यसका साथै अन्य संस्कृतिहरूमा थारु, गुरुङ्ग, धिमाल, सन्थाल, झागड, राउटे, चेपाङ्ग, कुसुण्डा आदि जस्ता जनजातिहरूको परम्परा र संस्कृतिले समेत पर्यटकहरूलाई सामुदायिक पर्यटनका निम्ति प्रोत्साहित गर्ने गरेको पाइन्छ ।

पर्यटनको विकास र सम्बर्द्धनका निम्ति सांस्कृतिक सम्पदाहरू पनि आकर्षणका केन्द्रविन्दू हुने गरेका छन् । सांस्कृतिक सम्पदका दृष्ट्रिकोणले नेपालको सांस्कृतिक सम्पदाहरूलाई प्रागऐतिहासिक सम्पदा र ऐतिहासिक सम्पदा गरी दुई भागमा वर्गिकरण गर्न सकिन्छ । प्रागऐतिहासिक स्थलहरूमा लुम्विनी अंचलको बुटवल क्षेत्र, बर्दिया जिल्ला, नवलपरासी क्षेत्र, मकवानपुर क्षेत्र, काठमाडौं उपत्यका क्षेत्र, लुभु क्षेत्र, रोसी खोला, टिष्टुंग, चितल.ङ्ग, बनेपा, ताप्लेजुङ्ग, उदयपुर, रामेछाप, चरिकोट, पाल्पा, मोरङ्गलगायत दाङ्ग, देउखुरी जस्ता अनेकौं क्षेत्रहरू रहेका छन् । प्रागऐतिहासिक पूरा अवशेषको प्राप्तिको हकमा बुटवल क्षेत्रबाट एशियाको जेठो र विश्वको माइलो मानवपूर्खा रामापिथेकस (बुटवल मान्छे वा नेपिपिथेकस) को जीवाष्माका अतिरिक्त बर्दिया जिल्लाको दानव ताल, नवलपरासीको कोटटाँडी, काठमाडौंको बुढानिलकण्ठ र धोवीखोला, दाङदेउखुरीका विभिन्न स्थलहरू, मुस्ताङ्ग क्षेत्रहरूलगायत मोरङ्ग इलाकाबाट समेत "पूरापाषणकालीन, नवपाषणकालीन एवं व्रामयुगिन मानवले निर्माण गरेका ढुङ्गे हातहतियारहरू र धातुबाट निर्मित विभिन्न सामग्रीहरू रहेका छन् । यसप्रकार प्रागऐतिहासिक स्थलहरू र प्राप्त जीवाष्मा एवं उपकरणहरूका कारणले गर्दा संसारभरिका प्रागइतिहासविद् एवं पुरातत्वविद्हरूलाई नेपाल भ्रमणको लागि उत्प्रेरित हुने गरेको देखिन्छ । आर. भी. जोशी र एन. आर. बनर्जीजस्ता भूगर्भवेत्तालगायत नर्वेका रेण्डी होलाण्ड र एशियन विद्वानहरू समेत प्रागऐतिहासिक स्थलको खोजीकै क्रममा पटक-पटक नेपाल भ्रमणमा आएका थिए (ऐजन, १७९) । प्रागऐतिहासिक स्थल र प्राप्तिहरूको कारणले गर्दा नै हरेक वर्ष स्वदेशकै उच्च शिक्षाका छात्रछात्रा र प्राध्यापकहरूका अतिरिक्त कतिपय पुरातत्वविद्हरू समेत यस्ता स्थलहरूसम्म आन्तरिक पर्यटनसमेत गर्ने गर्दछन् ।

अन्तर्राष्ट्रिय वा राष्ट्रिय पर्यटकहरूलाई पर्यटनका निम्ति उत्साहित र प्रेरित गर्ने ऐतिहासिक स्थलहरूमध्ये बुद्धको जन्मस्थल लुम्बिनी र शाक्यहरूको राजधानी प्राचीन कपिलववस्तु (वर्तमान तिलौराकोटा ज्यादै पूजनीय स्थलको रुपमा रहेका छन् । यी स्थलहरूलाई बौद्ध धर्मालम्वीका अतिरिक्त अन्य धर्मालम्वीहरूले समेत श्रद्धाका साथ पुज्ने गर्दछन् । ऐतिहासिक स्थलकै रुपमा प्राचीनकालदेखि वर्तमानसमयसम्म नेपाल राज्यको राजधानीको रुपमा रहेको काठमाडौं सहरलगायत अन्य ऐतिहासिक सहरहरूमा पाटन, भक्तपुर, कीर्तिपुर, गोर्खा, नुवाकोट, पाल्पा, विजयपुर, सिम्रौनगढ, मकवानपुर आदि। स्थलहरूको अवलोकन गर्न बाह्य

तथा आन्तरिक पर्यटकहरू पुग्ने गर्दछन् । ऐतिहासिक भग्नावशेषहरूद्वारा पनि पर्यटन विकासमा सहयोग पुग्न गएको छ । ऐतिहासिक भग्नावशेषका रुपमा मध्यकालीन दरबारहरू, मन्दिर, स्तुप, विहार, मठ, धर्मशाला, पाटीपौवाहरू समेत पर्यटकका आकर्षणका केन्द्रविन्दू हुन पुगेका छन् । यसैगरी नेपाली कलाकौशलमा विशेषगरी प्रस्तरकला, काष्ठकला, धातुकला, मृण्मयकला, चित्रकला ठ वास्तुकलाले समेत पर्यटकहरूलाई आकर्षित गर्ने गरेका छन् । हिन्दू र बौद्ध धर्मसित सम्बन्धित यस्ता कलाकौशलहरू धेरैजसो उपत्यका क्षेत्रमा रहेका छन् । जसलेगर्दा यस क्षेत्रलाई 'मन्दिरैमन्दिरको देश' समेत भन्ने गरिन्छ । यस क्षेत्रमा रहेको मौलिक नेपाली कलाशैलीको तलेमन्दिरका साथै शिखरशैली, मुगल राजपुतनाशैली आदिबाट निर्मित मन्दिरहरू सांस्कृतिक पर्यटनका लागि आकर्षणका केन्द्र हुन पुगेका छन् । यसैगरी विभिन्न विहारहरू, स्तुपहरू तथा उत्तरी क्षेत्रमा रहेका छोरतेन र गुम्बाहरूमा देखा पर्ने बौद्ध वास्तुकला शैलीले समेत सांस्कृतिक पर्यटनको क्षेत्रमा सहयोग पुर्याएका छन् । सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने कार्यमा अन्तर्राष्ट्रिय योगदानहरू समेत प्राप्त भएका छन् । संयुक्त संघको युनेस्को । ग्लभक्ऋइ) शाखाबाट सम्पदाहरूको संरक्षणमा विशेष चासो देखाएको पाइन्छ । यस संस्थाले उपत्यकाको सांस्कृतिक सम्पदा संरक्षण गुरुयोजनाको विस्तृत प्रतिवेदन सन् १९७५ मा पेश गरेका थियो । यो प्रतिवेदन पेश भएपछि उपत्यकाका र केही वाहिरी क्षेत्रका महत्वपूर्ण स्मारकहरूको जीर्णोद्वारको काम थालियो । यस्का निम्ति यूनेस्कोबाट वास्तुविद् श्री जोन सेण्डीलाई प्राविधिक सेवाका लागि नेपाल पठाइनाका साथै वि.सं. २०३८-३९ मा ७५ हजार अमेरिकी डलरसमेत प्राप्ति भयो । यस रकमबाट गोकर्णेश्वर महादेव मन्दिरको जीर्णोद्वार गरियो (स्मारिका, २०४३ : ३६१) । नेपाली कलाकौशलको संरक्षणको महत्वबारे वास्तुविद् जोन सेण्डी लेख्दछन्- 'एशियालाई कला र वास्तुकलाको क्षेत्रमा नेपालको देन अन्य वाहिरिया अनुपातभन्दा बढी छ । सम्पूर्ण मानवमात्रका लागि यस सांस्कृतिक सम्पदाको सुरक्षा गर्नुहोस्' ( सेण्डी, १९७८ : १७) । सांस्कृतिक सम्पदाको संरक्षणको क्रममा जर्मनी सरकारको वित्तिय सहयोगका साथै पुरातत्व विभागअन्तर्गत नेपाल- जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना वि.सं. २०३२ देखि शुरु भई राष्ट्रिय अभिलेखालयमा सुरक्षित २४ हजार ग्रन्थ र जनकपुर, जुम्ला, गोर्खा, धादिङ्ग आदि जिल्लाहरूमा व्यक्तिगत संग्रहमा रहेका ७० हजार जति पाण्डुलिपि ग्रन्थहरूको अणुचित्र (Microfilm) बनाउने कार्य भएको पाइन्छ । प्राचीन स्मारक ऐन जारी गरेपछि सांस्कृतिक सम्पदालाई हानी नोक्सानी पुर्याउनेहरूलाई आर्थिक जरिवना र कैदको समेत व्यवस्था गरिएको छ । सांस्कृतिक सम्पदालाई विदेश निकासी गर्न, एक ठाँउबाट अर्को ठाँउमा सार्न र संग्रह मर्नसमेत प्रतिवन्ध लगाइएको छ । कुनै पनि व्यक्तिसित १०० वर्षभन्दा पुराना वस्तुहरू भए तोकिएको समयमा, तोकिएको कार्यलयमा दर्ता गर्नु पर्ने व्यवस्था गरिएको छ । सांस्कृतिक सम्पदायुक्त नेपालका जम्मा ८ क्षेत्रलाई संयुक्त राष्ट्र संघको युनेस्को मार्फत विश्वसम्पदा सूचीमा समावेश गरिएको छ । विश्वसम्पदा सूचीमा पर्ने स्थलहरूमा-१) स्वयम्भू क्षेत्र २) बौद्धनाथ क्षेत्र ३) भक्तपुरदरबार क्षेत्र ४) चाँगुनारायण क्षेत्र ५) पशुपतिनाथ क्षेत्र ६) वसन्तपुरदरवार क्षेत्र ७) पाटनदरवार क्षेत्र र ८) लुम्विनी क्षेत्र रहेका छन् । सांस्कृतिक सम्पदाअन्तर्गत वर्तमान अवस्थासम्म पाटनदरवार क्षेत्र र दरवार परिसरमा रहेको तलेज मन्दिर, भक्तपुर दरबार र यसका भित्तेचित्रहरू, पजारी मठ, कमारीघर, चाँगुनारायण मन्दिर, पनौतीको इन्द्रेश्वर अन्दिर, लुम्बिनीको अशोक स्तम्भ र चैत्यहरू, कुदान, गोटीहवा र रामग्रामका स्तुपहरूका अतिरिक्त सङ्ग्राहलयमा रहेका कलावस्तुहरूलाई समेत संरक्षित गर्ने कार्य सम्पन्न गरिएको छ ।

## पर्यावरणीय पर्यटन

पर्यावरणीय पर्यटनको अवधारणानुसार प्रकृति र संस्कृतिमा प्रतिकूल असर नपर्ने गरी, तिनीहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमा जनसहभागिता जुटाइनु नै पर्यटनको विकास गर्नु हो । दयावरण भन्नासाथ कुनै पनि मुलुकको प्राकृतिक सम्पदाहरूलाई लिइने गरिन्छ यस्तो प्राकृतिक सम्पदाहरूमा पहाड, नदीनाला, झरना, जंगल, चराचुरुङ्गी, वन्यजन्तु, वर्षा, तापक्रम, जलवायु, मौसम आदि पर्दछन् । पर्यावरण पनि दुई प्रकारका हुने गर्दछन्-१) प्रकति प्रदत्त र २) मानव निर्मित । प्रकृति प्रकृति प्रदत्तमा प्रकृतिमा रहेका प्राणयुक्त र प्राणविहिन सबै बस्तुहरू पर्दछन् भने मानव निर्मितमा मौलिक पूर्वाधारहरू लगायत मानिसका

सामाजिक र सांस्कृतिक मूल्य एवं आस्थाहरू पर्ने गर्दछन् । यस्ता पर्यावरण पर्यटनका निम्ति पूर्वाधारहरू हुने गर्दछन् । जब-जब र जहाँ-जहाँ पर्यटनसम्बन्धी चर्चा हुने गर्दछ, त्यस ठाउँमा संग- संगै वातावरणको पनि उत्तिकै चर्चा हुने गर्दछ (भाटिया, १९९४ : ३१२) ।

नेपालको पर्यटन विकासमा पर्यावरणले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । अनुपम प्राकृतिक सम्पदाहरूको धनी भएको नेपाललाई 'पूर्वको स्वीट्जरल्याड' को संज्ञासमेत दिइएको छ । पर्यावरणीय अवस्थितीको आकर्षणले गर्दा पर्यटकहरूको चाप लगातार रुपमा वढी रहेको छ । यहाँ रहेका हिमाली उच्च श्रृंखाला र टाकुरहरू, पर्वतहरू, नदीनालाहरू, तातोपानीका कुण्डहरूलगायत वनस्पतिहरू, जीवजन्तुहरू, जलवायु र तापक्रम आदि पर्यटनका लागि ज्यादै आकर्षणयुक्त क्षेत्रका रुपमा स्थापित भइसकेका छन् । हिमाली श्रृंखला र उच्च पर्वतीय क्षेत्रहरू पदयात्रा र पर्वतारोहण पर्यटनका निम्ति चुनौतीहरू नै हुन् भने रोमाञ्चकारी रहस्यमय र दृश्यावलोकनका निन्ति अनुपम छटाहरूका भण्डार नै हुन् । झण्डै ६५ प्रतिशत भू-भाग डाँडाकाँडा, चुचुरा र हिमशिखरहरूले ढाकिएको नेपाली भूगोलभित्र विश्वको सर्वोच्च शिखर सगरमाथा ८८४८ मिटर उचाई लिएर अवस्थित छ भने ८००० मिटरभन्दा वढी उचाई भएको विश्वका १४ वटा शिखरहरूमध्ये ८ वटा शिखरहरू तथा ६००० मिटरभन्दा वढी उचाई भएका १३१० वटा पर्वत शिखरहरू रहेका छन् । यी पर्वतीय शिखरहरूको आरोहण गर्ने सिलसिला र पहाडी क्षेत्रको पदयात्राको क्रमले नै पर्वतीय पर्यटनको विकास हुन सकेको हो । सम्पूर्ण हिमाली क्षेत्रलाई कञ्चनजंघा हिमाल, कुम्भकर्ण हिमाल, खुम्वु हिमाल, रोल्वालिङ्ग हिमाल, जुगल हिमाल, मुस्ताङ्ग हिमाल, गणेश हिमाल, गोरखा हिमाल, धवलागिरी हिमाल, शैपाल हिमाल र व्यास ऋषि हिमाल गरी १४ अञ्चलमा १४ क्षेत्रमा विभाजन गरिएको छ । प्रत्येक हिमाल क्षेत्रमा कम्तिमा २ र बढीमा १२ वटासम्म हिमचुचुराहरू रहेक छन् (क्षेत्री र रायमाझी, २०५७ : १७९) । हिमचुचुराहरूले नेपाललाई पर्यटकहरूको स्वर्गको रुपमा परिचित गराएको छ । पर्वतारोहण, पदयात्रा र दृश्यावलोकनको लागि यी हिमाली पर्यावरणभित्र प्रत्येक पर्यटक रमाउन चाहन्छ । पर्वतीय पर्यटनमा लामो यात्रा गरिने क्षेत्रमा गोसाईकुण्ड, कञ्चनजंघा, लामटांग-हेलम्बु, सगरमाथालगायत पश्चिममा फोक्सुण्डो राष्ट्रिय निकुञ्न, रारा राष्ट्रिय निकुञ्ज, जुम्ला, तल्लो डोल्पा आदि क्षेत्रहरू रहेका छन् । पर्वतीय शिखरहरूका अतिरिक्त यहाँ झण्डै ६००० साना-ठूला नदीहरू रहेका छन् । करीब १००० नदीहरूको लम्बाई १६० मिटरभन्दा वढी रहेको छ भने १० किलोमिटरभन्दा बढी लम्बाई हुने नदीहरूको संख्या झण्डै १००० नै रहेको छ (ऐजन, १७९) । यहाँका प्रमुख नदीहरूमा कोशी, गण्डकी, नारायणी, कर्णाली रहेका छन् भने अन्य सहायक नदीहरूमा इन्द्रावती, तामाकोशी, लिखु, दूधकोशी, सुनकोशी, तमोर, अरुण, काली, गण्डकी, त्रिशुली, बुढी गण्डकी, मस्याग्दी, सेती, मादी, हुम्ला कर्णाली, मुगु कर्णाली, भेरी, कन्काई, मेची, महाकाली, आदि रहेका छन् । पर्यटकीय दृष्ट्रिकोणबाट यी नदीहरूमा 'जलयात्रा पर्यटन' गर्ने गरिन्छ । जलयात्रा गरिने प्रमुख नदी स्थलहरूमा बलिफीदेखि बेसरी, नाङदीदेखि विमलनगर, त्रिशुलीदेखि नारायणघाट, तुम्लिङटारदेखि चतरा, वीरेन्द्रनगरदेखि चिसापानी, बनखेतदेखि चिसापानी, दोलालघाटदेखि चतरा, लामोसांगुदेखि दोलालघाट, दमोलीदेखि टाइगर टप्स, वस्तीदेखि चतरा आदि रहेका छन् । जलयात्रा पर्यटन एक दिनदेखि पन्ध्र दिनसम्म यी नदीहरूमा गर्न सकिन्छ । यी नदीहरूमध्ये कतिपय नदीहरू धार्मिक तीर्थस्थलका रूपमा समेत रहेका छन् । धार्मिक चाडपर्व र उत्सवताका यी नदी किनारहरूमा आन्तरिक पर्यटकहरूको प्रशस्त आवगमन हुने गर्दछ । हिमाली क्षेत्रमा रहेका हिमनदीहरूले समेत पर्यटकहरूलाई निम्ताउने गर्दछन् । प्रमुख हिमनदीहरूमा गोजुम्पा, यालुकाङ, थोलम्वा, नागपा, धर्पूचूली, लामटाङ री, एमरेष्ट आइस फल आदि रहेका छन् । यस्ता हिमनदीहरूको दृश्यावलोकन गर्न पर्यटकहरू पदयात्रा र हेलिकेप्टरबाट यात्रा गर्ने गर्दछन् । यी हिमनदीहरूको अध्ययन र अनुसन्धान गर्ने पर्यटकहरूको संख्या पनि बढ्न थालेको छ । मिलेवीले र मजपुरियाले यी हिमनदीहरूलाई पर्यटकहरूलाई कौतुहल जगाउने सुन्दर वस्तुको रुपमा चित्रित गरेका छन् (रेनेड र माजपुरिया, १९७१ : १२५) ।

नेपाली पर्यावरणको अभिन्न अंगको रुपमा तातोपानीका मुहानहरू रहेका छन् । यस्ता तातोपानीका मुहानहरू प्रायःजसो नदी किनारहरूमा पाइन्छन् र यिनीहरू करीब १५०० मिटरको उचाईमा रहेका छन् ।

प्रसिद्ध तातोपानीका मूलहरूमा संखुवासभा जिल्लाको हटिया गाउँस्थित छुयुसांग र चेपुवास्थित खुवुङ्गमा रहेको तातोपानीको मूल, धादिङ जिल्लाको आलाङ गाउँ क्षेत्रमा रहेको तातोपानीको मूल, सिन्धुपाल्चोकको भोटेकोशीको किनारमा रहेको तातोपानीको मूल, रसुवाको चिलिसे, गोर्खा जिल्लाको उहिया र खोप्लाङ्ग गाउँ विकास समितिअन्तर्गत रहेका तातोपानीका मुहानहरू आदि रहेका छन् । यी तातोपानीका मुहानहरूको पानीमा विशेष औषधीयुक्त गुणहरूसमेत रहेको पाईन्छ । जसलेगर्दा आन्तरिक र बाह्य पर्यटकहरू यी स्थलहरूमा स्वास्थ्योपचारका लागि आउने गर्दछन् । म्याग्दी जिल्ला, सिन्धुपालचोक जिल्ला र रसुवा जिल्लाहरूमा पर्ने तातोपानीका मूलहरू पर्यटकहरूका लागि परिचित मूलहरू हुन् । तातोपानीका क्षेत्रहरू भएका इलाकाहरूमा 'एल्गी' नामक वनस्पति र विचित्र प्रकारका भ्यागुताहरू रहेका छन् । यी एल्गी र भ्यागुताहरूको अध्ययन, अनुसंधान गर्न पर्यटकहरू प्रशस्त मात्रमा आउने गरेको उदाहरणसमेत पाइएका छन् । नेपालमा लगभग ४० भन्दा बदी तातोपानीका मुहानहरू रहेका छन् । यी तातोपानीका मुहानहरूले विदेशी र स्वदेशी पर्यटकहरूलाई भित्र्याई पर्यटनको विकास र प्रवर्द्धनका निम्ति योगदान पुऱ्याएका छन् ।

पर्यटनको विकास र प्रवर्द्धनको क्षेत्रमा सहयोग पुर्याउने पर्यावरणी स्रोतहरूमा झरना एवं ताल तलैयाहरू पनि रहेका छन् । यी स्रोतहरूले पर्यटकहरूलाई विशेषगरी दृश्यालोकनका निम्ति निम्त्याउने गर्दछन् । पर्यटकीय दृष्ट्रिकोणले परिचित झरनाहरूमा ताप्लेजुङ्गको टिपटाला झरना, इलामको. टोड्के झरना, संखुवासभाको बाघनदी झरना, मेवा खोलाको झरना, रामेछापको पाँच पोखरी झरना, मुस्ताङ्गको रुपसे झरना, कास्कीको पातलो छाँगो झरना (डेभिस फल्स) र डोल्पाको फोक्सुण्डो तालबाट निस्केको बाहुली झरनाहरू रहेका छन् (फलेमिङ, १९७७ : ७५) । पर्यटकहरूले यी झरनाहरूको दृश्यावलोकन गर्नको लागि पदयात्रा गर्ने गर्दछन् । यसैगरी पर्यटकहरूको अर्को पयांवरणीय आकर्षकको केन्द्र तालहरू पनि हुन । तालहरूलाई दह, कुनाल, कुण्ड आदि पनि भन्ने गरिन्छ । यस्ता ताल तलैयाहरू नेपालमा प्रशस्त मात्रामा रहेका छन् । प्रायःजसो यी तालहरू पर्वतीय इलाकाहरूमा रहेका छन् । यी तालहरूको उपस्थितिले पनि पर्यटकहरू भित्रिने गरेका छन् । पर्यटकहरूका थप आकर्षणका केन्द्र बन्न पुगेका प्रमुख तालहरूमा मुगु जिल्लाको २९८० मी मा अवस्थित रारा वा महेन्द्र ताल, डोल्पा जिल्लाको ११७३ फिटको उचाईमा रहेको फोक्सुण्डो ताल, कास्की जिल्लाको ८०० मिटरको उचाईमा रहेको फेवाताल, कास्की जिल्ला मै बेगनास ताल, रुपाताल तथा अन्नपूर्ण हिमालको उत्तरपट्टि १६१४० फिटको उचाईमा रहेको तिलिचो तालका अतिरिक्त पोखराको दिपांग र मैदी, पाल्पाको सत्यवती, जाजरकोटको स्यार्पू, बझांगको सुरमा, गोर्खाको कल्छुमन, चरिकोटको जठा, पोखरी आदि रहेका छन् । तालहरू झै हिमाली क्षेत्रमा कुण्डहरू समेत रहेका छन् । जसलाई 'हिमताल' पनि भन्ने गरिन्छ । हिमाली क्षेत्रहरूमा यस्ता कुण्डहरू प्रशस्त मात्रामा पाइन्छन् । रसुवाको गोसाईकुण्ड दृश्यावलोकनका लागि मात्र नभएर धार्मिक पर्यटनका लागि पनि उपयोगी साबित भएको छ । हजारौका संख्यामा आन्तरिक र बाह्य पर्यटकहरूलाई भित्र्याउने कुण्डमा रसुवाको सूर्यकुण्ड, गोर्खाको गोपाल कुण्ड, सिन्धुपाल्चोकको भैरव कुण्ड, सोलुखुम्बुको हमिताल र खुम्बु क्षेत्रको दुधकुण्ड आदि रहेका छन् ।

नेपालको पर्यटनको विकास र प्रवर्द्धनमा भौगोलिक विविधताले समेत योगदान पुर्‍याएको छ । यहाँ विभिन्न किसिमका हावापानी, जलवायु, तापक्रम रहेका छन् । मौसमसम्वन्धी विविधताले गर्दा यहाँ पाइने प्राकृतिक वनस्पति र जीवजन्तुहरूमा पनि जलवायु अनुरुपको विविधता पाइन्छ । विविधताको कारणले गर्दा के नेपालको पर्यावरण बहुआयमिक पर्यावरण हुनुका साथै वातावरणीय दृष्ट्रिकोणले मनमोहक हुन पुगेको छ यहाँ तराई, पहाड र हिमालमा गरी तीन किसिमका जलवायुहरू पाइन्छन् । जसले गर्दा यहाँको जंगल पनि क्रमशः उष्ण पतझड, समशीतोष्ण सदावहार र लेकाली पतझरका रुपमा रहेका छन् (रिफेल, १९७५ : ११९) । रिफेलले यहाँ वनस्पतिलाई ४ थरीमा वर्गिकरण गरेका छन् । पहिलो थरीमा रुखहरूलाई समावेश गरेका छन् । यस्ता रुखहरूमा तराई, पहाड र हिमाली क्षेत्रमा फरक-फरक रहेका छन् । तराई क्षेत्रमा साल, सिसौ, खयर, कर्मा, असना, बोटधमिरो, विजयसाल, जामुनो, आँप, कटहर आदि प्रमुख छन् भने पहाडी क्षेत्रमा कटुस, उत्तिस, चिलाउने, ओखर, सल्ला, ओक, चाप, काउलो आदि रहेका छन् । यसैगरी हिमाली क्षेत्रमा विभिन्न प्रकारका

सल्लाहरू, गुराँस, भोजपत्रलगायत अनेकौं प्रकारका लेउ, भ्याउ र बुट्यानहरू रहेका छन् । वनस्पतिको/ दोस्रो प्रकारमा औषधीजन्य बोटविरुवाहरू पर्दछन् । यस्ता बोटविरुवामा तराई क्षेत्रमा हरों, बरों, राजवृक्ष, अमला, पिपला, असुरो आदि मुख्य रहेका छन् भने पहाडी क्षेत्रमा चिराइतो, तेजपात, टिमुर, पाखनवेद, गजों, कुटकी आदि मुख्य हुन। हिमाली क्षेत्रमा विख्मा, पाँचओले, पदमाचाल, जटामसी आदि प्रमुख रुपमा रहेका छन् । वनस्पतिको तेस्रो प्रकारमा फलहरूलाई समावेश गरिएको छ । यस्ता फलहरू तराई क्षेत्रमा मेवा, केरा, कटहर, आँप, भुइकटहर, नरिवल, लिच्ची, अम्वा, अनार, बयर आदि देखापर्दछन् भने पहाडी क्षेत्रमा सुन्तला, कागती, स्याउ, नास्पाती, आरु, आरुबखडा, ऐंसलु, काफल, चूत्रो आदि रहेका छन् । हिमाली क्षेत्रको हकमा भने फलहरू पाइदैनन् । वनस्पतिको चौथो प्रकारमा फूलका बोटहरू पर्दछन् । तराईदेखि हाडसम्म नै हजारौं किसिमका फूलहरू पाइन्छन् । यस्ता फूलहरूमा मुख्यगरी जाही, जुही, चमेली, सयपत्री गुलाफ, मालती, रातकी रानी, चमेली, चम्पा, वेली, गोदावरी, कागते, घण्टे, इन्द्रकमल, लाली गुराँस सूर्यमुखी, असारे, लालुपाते, शिरिष आदि रहेका छन् (ऐजन, १२०) । नेपालको राष्ट्रिय फूल 'लालीगुराँस' हो, जो पहाडी र हिमाली क्षेत्रहरूमा प्रशस्त मात्रमा पाइन्छन् । लालीगुराँसका ३२ प्रकारहरू यहाँ पाइन्छन् । यिनीहरू रातो, पहेलो, सेतो, कलेजी आदि रंगका हुने गर्दछन् (रेनेड र मजपुरीया, १९७१ : १२२) ।

**निष्कर्ष :**

वनस्पति झैं पर्यावरणको अर्को स्रोतमा यहाँ पाइने वन्यजन्तु र चराचुरुङ्गीहरू हुन् । यिनीहरू कै दृश्यावलोकन, अध्ययनका निम्ति प्रत्येक वर्ष लाखौं पर्यटकहरू नेपाल भित्रिने गर्दछन् । यहाँ चराचुरुङ्गीहरू मात्र ८५० भन्दा बढी थरीका पाइएका छन् । फिष्टो, गौंथली, भंगेरा जस्ता साना आकारका चराहरूदेखि ठूला आकारका गिद्धहरू समेत ग्रहाँ पाइन्छन् । तराईदेखि हिमालसम्म पाइने मुख्य चराचुरुङ्गीहरूमा गिद्ध, काग, बकुला, सारस, हाँस, काकाकुल, कोइरालो, मजुर, तित्रा, ढुकुर, मैना, सुगा, चिवे, बट्टाई, न्याउली, हलेसो, चमेरो, उल्लु, डाँफे, मुनाल, कालिज, लँडचे, काँडे भ्याकुर, परेवा आदि रहेका छन् । यसैगरी चराचुरुङ्गीका अतिरिक्त यहाँ पाइने प्रमुख जनावरहरूमा नीलगाई, चित्तल, बाह्रसिंगे, कृष्णसार, लगुना, मृग, जरायो, ब्याँसो, बँदेल, भालु, हाब्रे, हाब्रे, अना अर्ना, चितुवा, हात्ती, गैंडा, बाघ, याक, याक, कस्तुरी, फ्याउरो, स्याल, बाँदर, ढेडु, दुम्सी, लोखर्के, मलसाँप्रो, भ्याउसो, सिंह आदिका अतिरिक्त सरीसृपमा गोही, गोहोरो, अजिंगर एवं सर्पहरूका साथै हजारौं प्रकारका कीटपटङ्ग र पुतलीहरू समेत नेपाली जंगलमा पाइन्छन् । अरुण उपत्यकालाई पुतलीहरूको मेलाको उपत्यका मानिन्छ । यस उपत्यमकामा सैकडौं पुतलीहरूलाई देख्न सकिन्छ । डाँफे, मुनाल र मयुर जस्ता चराका नृत्यहरूले समेत पर्यटकहरूलाई आकर्षित गर्दछन् । मौसमानुसार विदेशी भू-भागहरूबाट यहाँसम्म कि साइवेरियाको क्षेत्रबाट समेत यहाँका नदी किनारमा आई पुग्ने सारस उत्पत्ति वा मूलका चराहरूले पर्यटकहरूलाई दृश्यावलोकनका लागि कोशी नदी किनारमा बोलाइरहेको हुन्छन् । नेपाली वन्य जन्तुसंग रमाउने वा नेपालका जंगलहरूमा अनुसन्धान र खोज गर्न आउने पर्यटकहरूका निम्ति नेपाल विश्वज्ञान कोष सरह नै हो। सन् १९७२ मा श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन पास गर्यो । जुन ऐन अन्तर्गत वर्तमान समयसम्म नेपालभित्र ८ वटा राष्ट्रिय निकुञ्ज, ५ वटा आरक्षण केन्द्र र २ वटा संरक्षण क्षेत्रहरू स्थापना गरिएका छन् । यसरी स्थापना गरिएका निकुञ्ज, संरक्षण केन्द्र र आरक्षणहरूले वातावरणीय सन्तुलन कायम गर्नाका साथै जंगल पर्यटनलाई विकसित गरेर प्रशस्त विदेशी मुद्रा आर्जनको स्रोतका रुपमा देखा परेका छन् । तराई क्षेत्रका कोशी टप्पु, पर्सा, चितवन, बर्दिया र शुक्ला फाँटमा रहेका निकुञ्ज वा आरक्षणहरूको भ्रमणमा खासगरी जाडो याममा पर्यटकहरू आउने गर्दछन् भने वसन्त ऋतुको समयमा अन्नपूर्ण, लामटाङ्ग, रारा, खप्तड, शिवपुरी, मकालु-वरुण र ढोरपाटन जस्ता निकुञ्ज र आरक्षणहरूमा पर्यटकहरू पुग्ने गर्दछन् । वर्तमान समयसम्ममा झण्डै १ लाख ५० हजार वर्गकिलोमिटर क्षेत्र संरक्षण एवं आरक्षरण क्षेत्रको रुपमा घोषित गरेर वनस्पति र वन्यजन्तुहरूको रक्षा गर्ने प्रसार भएको देखिन्छ । नेपाल जस्तो सानो मुलुकले वनस्पति र प्राणीहरूको संरक्षणमा एउटा अन्तर्राष्ट्रिय रेकर्ड नै कायम गरेको छ ।

पर्यटन विकासका क्रममा प्रकृति र बातावरणमा प्रतिकूल असर नपर्ने गरी पर्यटन विकास गराउन अन्य विकसित देशहरूसरह नेपालले पनि पर्यावरणीय पर्यटनको विकासको निन्ति सक्रियता देखाउन थालेको पाइन्छ ।

## सन्दर्भ समाग्री सूची

कुँवर, रमेशराज, (सन् १९९७), *टुरिजम् एण्ड डेभलपमेण्ट,* काठमाडौं : लक्ष्मी कुँवर ।
जोष्ट, कर्नेल, (सन् १९८१), *मोनेमोन्ट अफ नर्दन नेपाल,* युनेस्को ।
टोनी, हेगन, (सन्१९९७), *नेपाल द किंगदम अफ् हिमालयज्,* दिल्ली : अक्सफोर्ड एण्ड आई.बी. एम्. पबिलिसिङ कम्पनी ।
पञ्चायत रजत जयन्ती महोत्सव, (२०४३), *पञ्चायत स्मारिका,* केन्द्रय समन्वय समिति ।
प्रधान, आई.के., (सन् १९७९), *ट्राभल एण्ड टुरिजम इन पोर्सपेक्टिभ,* काठमाडौं : नेपाल रिसर्च ग्रुप ।
फ्लेमिङ, रबर्ट, एल., (१९९७), *द जेनेरल इकोलोजी,* फ्लौरा एण्ड प्राटिक्स, स्टलिङग पब्लिसर प्राइभेट, न्यू दिल्ली ।
म्याथिसन एलिष्टर एण्ड जेफ्री वाल, (सन् १९८२), *टुरिजम इकोनोमिक फिजिकल एण्ड सोसियल इम्प्याक्ट,* लण्डन : ल्याङ्गम्यानः ।
रायमाझी, रामचन्द्र, पर्यटन : विकास र व्यवस्थापन, काठमाडौं : एसिया पब्लिकेशन, २०५७ ।
रिफेल, रबर्ट, (सन् १९७५), *नेपाल नमस्ते,* काठमाडौं : सहयोगी प्रकाशन, त्रिपुरेश्वर, ।
सत्याल, यज्ञराज, (सन् १९८८), *टुरिजम इन नेपाल,* ए प्रोफाइल, बराणसी : पृ.१६ ।
सेण्डी, जोन, (सन् १९७८), *नेपलिज् हियटोरिक मनोमेन्ट इन निड अफ प्रिजरभेसन,* पागेस, ।
स्मीथ, बलेन, एल. (सं., होस्ट एण्ड गेष्ट : द एन्थ्रोपोलोजी अफ् टुरिजम्, फिलाडेल्फिया, युनिभर्सिटी अफ् पेन्सील बानिया प्रेस, १९८९ ।
क्षेत्री, गणेश, नेपाल कला, वास्तुकला र प्रतिमा लक्षण, काठमाडौं : एसिया पब्लिकेशन, २०५६ ।